# खजुरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बागेश्वरी, बाँके
लुम्बिनी प्रदेश नेपाल

प.स.०७८।०७९(महिला तथा बालबालिका शाखा)　　　　　　　　　　मिति : २०७८/ १० / १०
च.नं ६०७

श्री जो जस्संग सम्बन्ध राख्दछ ।

विषय :उद्यमशीलता तथा सीप विकास तालिम सम्बन्धमा ।

प्रस्तुत विषयमा कानुन महिला तथा जेष्ठ नागरिक मन्त्रालयको च.न. १६८ र मिति २०७८।१०।०४ को प्राप्त पत्र अनुसार विभिन्न विषयमा लक्षीत बर्ग तथा समुदायका लागी ३ महिने सिप विकास तालिम संचालन का लागी प्रस्ताब माग गरेकाले सम्बन्धीत सबैले खजुरा गाउँपालिका महिला तथा बालबालिका शाखा मा ७ दिन भित्र सम्पर्क गर्न हुन अनुरोध छ। मन्त्रालयको पत्र पसै पत्र साथ संलग्न छ ।

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# कानून, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

(सामाजिक विकास महाशाखा)

मुकाम बुटवल, नेपाल

पत्र संख्या: २०७८/०७९

चलानी नं.: ९६८

मिति: २०७८/१०/०४

विषय: तालीम सञ्चालनको लागि तालिमको नाम र सहभागी संख्या पठाउने बारे।

श्री स्थानीय तह (सबै),
लुम्बिनी प्रदेश ।

यस मन्त्रालयको आ.व. ०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस प्रदेशभित्र तपसिल बमोजिमका कार्यक्रम र विषयमा व्यावसायिक तथा सीपमूलक तालीम सञ्चालन गर्नुपर्ने भएकोले ताहाँ स्थानीय तहबाट सञ्चालन गर्न सकिने प्रदेश सरकारबाट पूरै खर्च व्यहोर्नेगरी उपयुक्त एक विषय सहितको एक तालिम कार्यक्रम र कम्तीमा २० प्रतिशत् लागत साझेदारीमा सञ्चालन गर्ने गरी उपयुक्त एक विषय सहितको एक कार्यक्रम (सहभागी २० जना) को प्रतिवद्धता वा ताहाँबाट सञ्चालन गर्न नसकिने भए कति जना कुनै समुहका व्यक्तिलाई तालिम आवश्यक छ सो समेत खुलाई १५ दिनभित्र प्रस्तावमाग विवरण पठाउनुहुन अनुरोध छ। तपसिलमा उल्लिखित बाहेक अन्य थप विषयका संभावित तालीमहरु तहाँ सञ्चालन गर्न आवश्यक भए सो समेत खुलाई पठाउनुहुन अनुरोध छ ।

तपसिल

| सि.न. | कार्यक्रम | संभावित तालीमका विषयहरु |
|---|---|---|
| १ | एकल महिलाका लागि ३ महिने प्रदेश स्तरीय उद्यमशीलता तथा सीप विकास तालिम ३ महिने | प्लम्बर, हाउस वायरिङ, सिकर्मी र डकर्मी, अटोमेकानिक्स मोबाइल मर्मत,सिलाईकटाई, गार्मेन्टस, होजियारी, ढाका कपडा बुनाई, अल्लो प्रशोधन, कपडा बुनाई, बुटिक हेयरकटिङ मन्टेश्वरी, ब्युटिसियन, कफि मेकर(Barista), कुकिङ, हस्पिटालिटी वा वेटर,गलैंचा बुनाइ, हाते कढाइ,छ्वाली र बाँसजन्य हस्तकला सामग्री, जडिबुटी प्रशोधन,होमस्टे व्यवस्थापन, परम्परागत सीपमा आधारित तालीमहरु र स्थानीय आवश्यकता अनुसारका अन्य तालीमहरु |
| २ | महिलाहरुका लागि सीप विकास तालिम ३ महिने जिल्लास्तर | |
| ३ | दलित तथा अति विपन्न महिलाको लागि आय आर्जन तथा जिविकोपार्जनको लागि सीप विकास ३ महिने तालिम | |
| ४ | अपाङ्गता भएका व्यक्तिहरुलाई सीप विकास तालिम ३ महिने | |
| ५ | लैंगिक तथा यौनिक अल्पसंख्यकहरुको लागि सीप विकास तालिम ३ महिने | |
| ६ | पिछडा वर्गहरुको सशक्तिकरणको लागि सीप विकास तालिम १ महिने | |

शारदा वस्याल
प्रमुख महिला विकास अधिकृत